# कम्पनी रजिष्ट्रारको कार्यालयबाट जारी गरिएको सूचना

यस कार्यालयले कम्पनी दर्ता तथा प्रशासन सम्बन्धी सेवालाई छिटो, छरितो, विश्वसनीय तथा प्रविधिमैत्री रुपमा संचालन गर्न आवश्यक तैयारी गरिरहेको व्यहोरा सम्बन्धित सरोकारवालाहरुलाई जानकारी नै छ । कार्यालयले प्रदान गरिरहेको सेवा प्रवाहमा गुणात्मक सुधार ल्याउन, नेपाल सरकारले बजेट मार्फत घोषणा गरेको नीति कार्यान्वयन गर्न तथा प्रविधिको सहायताले कार्यालयमा हुने अनावश्यक भिडभाड हटाउन नयाँ सफ्टवयर तर्जुमा गर्न गै रहेको व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी नै छ । यसै सन्दर्भमा, हाल तर्जुमाको चरणमा रहेको सफ्टवयरको कम्पनी दर्ता तर्फको मोडल २०८० असोज १५ गते तथा अन्य मोडल क्रमशः लागू गर्ने तैयारी गरिएकोले, सो विषयको जानकारीका अलावा कम्पनीहरुको तर्फबाट निम्न वमोजिम तैयारी गर्नु हुन समेत यसै सूचनाद्धारा सम्बन्धित सवैमा हार्दिक अनुरोध छ ।

१) कार्यालयले मिति २०८०।२।२६ मा सार्वजनिक सूचना मार्फत अनुरोध गरेका पूर्व तैयारीका कार्यहरु सम्पन्न गर्नु हुन पुनः अनुरोध गरिएको छ । त्यसको अलावा, कम्पनीको छाप तथा कम्पनीको तर्फबाट सम्बन्धित कागाजतहरुमा हस्ताक्षर गर्न अनुमति प्राप्त कम्पनीको अध्यक्ष, संचालक वा कम्पनी सचिवको नमुना हस्ताक्षर विद्युतीय सूचना प्रणालीमा उपलब्ध गराउनु पर्नेछ ।

२) यस कार्यालयबाट प्रदान गरिने सेवाहरु कार्यरत कर्मचारीहरुले विद्युतीय हस्ताक्षर गरी उपलब्ध गराउनेछन् तर कम्पनीहरुको हकमा केही समयको लागि हाल प्रचलनमा रहेको भौतिक कागजात पेश गरी सेवा लिने वा विद्युतीय हस्ताक्षर मार्फत कागजात पेश गरी डिजिटल सेवा लिने भनी विकल्प प्रदान गरिनेछ । विद्युतीय हस्ताक्षर मार्फत सेवा माग गर्न इच्छुक कम्पनीहरुले समयमा नै नेपाल सरकारबाट विद्युतीय हस्ताक्षरको साँचो (की) उपलब्ध गराउने सेवा प्रदायक निकायमा सम्पर्क गरी आफ्नो तर्फ समेत आवश्यक तैयारी गर्नु हुन अनुरोध छ । भौतिक कागजात पेश गरी सेवा लिने कम्पनीहरुले समेत बुँदा नं. एक वमोजिमको तैयारी गर्नु पर्नेछ ।

३) अन्य कम्पनीहरुलाई दर्ता तथा प्रशासन गर्न सहयोग गर्ने उद्देश्यले स्थापित कम्पनी वा ट्रष्ट सेवा प्रदायकहरुले विद्युतीय प्रणालीबाट सेवा प्रवाह गर्न आवश्यक पर्ने पूर्वाधारहरुको तैयारी गर्नु हुन अनुरोध छ ।

कम्पनी दर्ता तथा प्रशासनको सन्दर्भमा हुन लागेको गुणात्मक सुधारको अभियानमा सरोकारवाला सबैको यस कार्यालयले सहयोगको अपेक्षा गरेको छ ।

०८०।५।२८

(सुजता अधिकारी)